# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## न्यूरोड, कास्की
## गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. : ११८८

मिति -२०८२/०६/२७

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ५५ औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ। साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ।

**तपशिलः**

मितिः २०८२ असोज २८ गते (मंगलबार)
समयः बिहान ८:०० बजे
स्थानः पोखरा महानगरपालिका वडा नं. ३० को कार्यालय भवनको सभाहल ।

.........................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् प्रमुखज्यू / उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

मिति -२०८२/०६/२८
बैठक संख्या- ५५

स्थान - वडा कार्यालय ३० को वडा भवन
समय- बिहान ८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा न.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | प्रेम प्रसाद |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | Kiran |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं.-२५ | श्री मोतिलाल तिम्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन)। | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |
| | | | | |

**पोखरा महानगरपालिका**

**मिति २०८२/०६/२८ गतेको ५५औँ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं १**

५४औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

Gen z को मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिकाको वडा नं. ८ स्थित प्रमुख प्रशासकीय भवन पूर्णरुपमा क्षतिग्रस्त हुन पुगेको छ । सो भवनबाट नगरवासीहरुमा सेवा प्रवाह गर्न नसकिने देखिएकोले प्रमुख प्रशासकीय भवनबाट प्रवाह हुने सेवाहरु पोखरा म.न.पा. ९ नयाबजार स्थित राष्ट्रिय वाणिज्य बैंकको स्वामित्वमा रहेको भवनको २ तला बहालमा लिई सेवा सञ्चालन गर्नका लागि सो बैंकमा पार्टेशन तथा अन्य संरचना निर्माण गर्दा लाग्ने लागत र पोखरा म.न.पा-९ स्थित महानगरको दमकल स्थित खाली रहेको जग्गामा अस्थायी ट्रस सेड (Shed) निर्माण गर्दा लाग्ने लागतको तुलनात्मक विश्लेषण गरी स्थान उपयुक्त स्थान छनौट गर्ने सम्बन्धमा महानगरपालिकामा कार्यरत सि.डि.ई श्री बिमल रन्जन कार्की र श्री सुरेन्द्र पाण्डेको प्राविधिक सहयोगमा राय सिफारिश पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ३**

Gen z को मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय भवन पूर्णरुपमा क्षतिग्रस्त भई सो भवनबाट सेवा प्रवाह गर्न नसकिने अवस्था भएकोले क्षतिग्रस्त भवनहरु विधिपूर्वक भत्काई (Dismantle) गरी कुन मोडल/डिजाइनमा बहुतले बहुद्देशीय व्यवसायिक भवन निर्माण गर्न सकिन्छ सो को प्राविधिक अध्ययन विश्लेषण गरी भत्काउन लाग्ने लागत अनुमान सहित राय प्रतिवेदन पेश गर्न पर्यटन तथा शहरी विकास महाशाखा प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ४**

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाबाट पेश भएको **"अस्पतालहरुमा नि:शुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२"** थप अध्ययनका लागि वडा कार्यालयमा पठाउने र वडाबाट प्राप्त राय समेत समावेश गरी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

नेपाल सरकार अर्थ मन्त्रालयको च.न. ११६, मिति २०८२/०६/०७ को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा भएको परिपत्रका सम्बन्धमा सो निर्णय कार्यान्वयनका लागि महानगरपालिका र अन्तर्गतका खर्च केन्द्रहरुमा परिपत्र गरी पठाउने र प्रष्ट नभएका विषयहरु थप स्पष्ट गरी पठाउन अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने र मन्त्रालयबाट प्राप्त राय सुझाव समेतका आधारमा कुनै द्विविधा नहुने गरी वडा कार्यालयमा परिपत्र गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय भवन पूर्णरुपमा क्षतिग्रस्त भएकोले साविकको प्रमुख प्रशासकीय भवनबाट प्रवाह हुने सेवाहरु हाल कुन महाशाखा/शाखाले कुन भवन/स्थानबाट प्रदान गरिदै आएको छ र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा हाल कुन भवन/स्थानबाट प्रवाह भैरहेको छ भन्ने सम्बन्धमा सम्पूर्ण नगरबासी तथा सेवाग्राहीलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

पोखरा महानगरपालिका भित्र रहेको मालपोत कार्यालय कास्कीको भवन मिति २०८२/०५/२४ गतेको Gen Z को आन्दोलनको क्रममा तोडफोड र आगजनी भई क्षतिग्रस्त भएकाले तत्काल सेवा सञ्चालन गर्न आवश्यक पर्ने भवन निर्माणका लागि आर्थिक सहयोग उपलब्ध गराउन सो कार्यालयबाट भएको अनुरोधको सम्बन्धमा छलफल हुँदा मालपोत कार्यालयबाट सेवा सुचारु गर्नका लागि सो कार्यालयबाट सामान्य ट्रस सेड (Shed) निर्माण लागि पेश भएको लागत अनुमान बमोजिम रु.१० लाखमा नबढ्ने गरी रकम महानगरपालिकाको बार्षिक विकास कार्यक्रमको बजेट उपशीर्षक नम्बर ८०४३९२०१७०१ अर्थ विविध भैपरी आउने पुँजीगत खर्च शीर्षक नं. ३१५११ बाट ब.उ.शी.नं.८०४३९२०१३५३ खर्च शिर्षक नं. ३११११२ मा रकमान्तर गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा महानगरपालिका वडा नं ३२ गगनगौँडा स्थित मसिना पर्यटन सहकारी संस्था लिमिटेडले मसिना साना जलविद्युत आयोजना (८९१ कि वा:) सञ्चालनका लागि मिति २०७६ बैशाख २२ मा यस कार्यालयबाट अनुमति लिएको र विविध कारणले आयोजनाको कार्य सुचारू गर्न नसकेको भनी अनुमतिको म्याद थप गरिदिन अनुरोध गरी निवेदन पेश गरेकोमा महानगरपालिका कार्यालयबाट मिति २०७९/०९/२४ र मिति २०८०/०२/२० गते २ पटक म्याद थप भएको देखिन्छ । सो समयमा समेत कार्य सुचारू गर्न नसकेको र पुन अनुमति पत्रको म्याद थप गरिदिन अनुरोध गरी मिति २०८२/०६/०८ मा निवेदन पेश गरेको सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ध)को (३) बमोजिम १००० कि.वा. सम्मको साना जलविद्युत आयोजना सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठकको निर्णयबाट अनुमति प्रदान गर्न सकिने व्यवस्था रहेकोले यस पूर्व प्रदान गरिएको अनुमति पत्रको म्याद थप नगरी नयाँ अनुमति पत्रको लागि पुनः प्रकृयामा जान सम्बन्धित संस्थालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ९**

फेवाताल संरक्षणका लागि सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्ने सम्बन्धमा गण्डकी प्रदेशका मा.मुख्यमन्त्री सुरेन्द्र पाण्डेज्यूको संयोजकत्वमा गठन भएको सहजीकरण समितिबाट भएको निर्णय कार्यान्वयनका लागि यस कार्यालयको निर्णय बमोजिम पोल गाड्ने कार्यका लागि खटाईएका नगर प्रहरीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा पोखरा महानगरपालिकाको खर्च सञ्चालन निर्देशिका २०८१ को दफा ३१ उपदफा (८) मा पोखरा महानगरपालिकाको सेवा प्रवाहको क्रममा जोखिमयुक्त काममा खटिने कर्मचारीलाई आवश्यकता र औचित्यता समेत हेरी नगर कार्यपालिकाको निर्णयबाट थप प्रोत्सहान सुविधा दिन सकिनेछ भनी उल्लेख भएकाले यसपूर्व फिर्के खोलाको मापदण्ड कायम गर्न खटिएका जनशक्तिलाई काम गरेको दिनको प्रमाणित विवरण बमोजिम दैनिक रु १०००।- (कर सहित) का दरले उपलब्ध गराइएको प्रोत्साहन भत्ता बराबरको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १०**

पोखरा महानगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक विकास कार्यक्रममा विनियोजन भएको अवण्डा रकम बाँडफाँड गर्ने, सो बजेटबाट सञ्चालन हुने योजना तथा कार्यक्रम संशोधन गर्ने शिर्षकान्तर वा रकमान्तर गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

नगर विकास कोषमा कोषको मापदण्ड बमोजिम ५०% अनुदान, ४०% ऋण र १०% आन्तरिक रकम खर्च गर्ने प्रस्ताव अनुसार पुन निर्माणका लागि आवश्यक पर्ने रकम सो मापदण्ड बमोजिम प्राप्त गर्न स्वीकृति गर्ने र यसका लागि नगर विकास कोषमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं १२**

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको मिति २०८२/०६/२३ को पत्रबाट पोखरा उपत्यकामा सडक र सवारीलाई व्यवस्थित तुल्याउने सडक संकेत तथा रोड फर्निचरहरु मिति २०८२/०५/२३ र २४ गते भएको आन्दोलनका क्रममा तोडफोड तथा आगजनी भई नष्ट भएकाले ट्राफिक व्यवस्थापनमा असजता उत्पन्न सिर्जना भएको भनी पोखरा उपत्यकामा सुरक्षित सडक र सवारी सञ्चालन गर्न सडक संकेत तथा रोड फर्निचरहरु उपलब्ध गराईदिन सो कार्यालयबाट भएको अनुरोधको सम्बन्धमा जिल्ला ट्राफिक कार्यालयसँग छलफल र समन्वय गरी आगामी बैठकमा राय/प्रतिवेदन पेश गर्न यातायात समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं १३**

पोखरा महानगरपलिका वडा नं. ३१ स्थित रायो पुल, कल्वर्ट निर्माण योजना पोखरा महानगरपालिका आर्थिक वर्ष २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रमको पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बजेट खर्च शिर्षक नम्बर ३११५१, पेज नं १६० सि. न. ९८ रायो पुल कल्बर्ट निमांण कार्यको लागि विनियोजित बजेटबाट आयोजना कार्यान्वयनका लागि बोलपत्र आह्वान भई Contract ID: 54/PMC/NCB/W/Purbadhar/081-082 बाट मिति २०८१/११/०५ मा ठेक्का सम्झौता भएको र चालु आ.व. २०८२/८३ मा उक्त आयोजना निर्माणाधिन अवस्थामा रहेको। चालु आ.व. २०८२/८३ मा उक्त आयोजनामा विनियोजन हुनुपर्ने बजेट ३१ नं. वडा कार्यालयको खर्च शिर्षक नम्बर ३११५१, पेज नं १७७ सि. न. ७४ मा रु. १५,६०,०००/- (अक्षरुपी पन्ध्र लाख साठी हजार मात्र) विनियोजन भएको देखिएकोले वडा खर्च केन्द्रबाट पूर्वाधार महाशाखा अन्तर्गत व.उ.शि.नं ८०४३९२०१३५१ खर्च शिर्षक नं ३११५१ मा खर्च स्थानान्तरण गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत SUTRA राजश्व प्रणालीलाई व्यवस्थित गरी करदाताको विवरण यथार्थपरक र त्रुटिरहित बनाउने, व्यवसाय कर, बहाल कर, सम्पत्तिकर समेतको विस्तार गर्दै महानगरपालिकाबाट प्रभावकारी रुपमा राजश्व संकलन गर्नका लागि थप कर्मचारी परिचालन गर्ने र राजश्व संकलन, तालिम सञ्चालन तथा अनुगमनमा खटिने कर्मचारीलाई प्रोत्साहान स्वरुप भत्ता उपलब्ध गराउने सम्बन्धमा **पोखरा महानगरपालिका खर्च सञ्चालन निर्देशिका २०८१** बमोजिम राजश्व महाशाखाका कर्मचारीको हकमा महाशाखा प्रमुख तथा वडाका कर्मचारीहरुको हकमा वडा सचिवको सिफारिसका आधारमा महाशाखा प्रमुखबाट अतिरिक्त समय काम गरेका कर्मचारीहरुको प्रमाणित विवरणको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो। साथै सेवाग्राहीबाट कागजात संकलन गरी घरबाट पनि SUTRA प्रणालीमा प्रविष्ट गर्नुपर्ने भएकोले उक्त कार्य सम्पन्न नहुन्जेल सम्म ई हाजिरी अनिवार्य नगरी महाशाखा प्रमुखको प्रमाणित कागजातको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं १५**

पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम महानगरपालिकाबाट संकलन गरिने घर बहाल करको हकमा छुट अवधि २०८२ साल असोज मसान्तसम्म भएकोले वर्तमान विषम परिस्थितिका कारण सो छुट अवधि संशोधन गरी २०८२ पौष मसान्तसम्म कायम गर्न अनुमोदनको लागि नगर सभामा सिफारिस गरी पठाउने निर्णय गरियो। साथै महानगरपालिका अन्तर्गत वडा कार्यालयहरुबाट संकलन हुने राजश्व रकम संकलन र दाखिला गर्ने सम्बन्धमा सेवाग्राही तथा सर्वसाधारणको सुविधालाई मध्येनजर गरी साँझ ५ बजेसम्म राजश्व रकम संकलन गर्न सकिने व्यवस्था मिलाउने। वडामा दैनिक ३ बजेसम्म संकलन भएको राजश्व सोही दिनमा लेखाको कर्मचारी उपलब्ध भए लेखाको कर्मचारी मार्फत बैंकमा दाखिला गर्ने, ३ बजेदेखि ५ बजेसम्म संकलन भएको राजश्व लेखाकै कर्मचारीको जिम्मा लगाउने र जिम्मेवार कर्मचारीले भोलिपल्ट वा भोलिपल्ट विदा पर्न गएको अवस्थामा कार्यालय खुलेको दिनको ३ बजे भित्र बैंकमा दाखिला गर्ने व्यवस्था गर्ने र लेखा हेर्ने

कर्मचारी उपलब्ध नभएको अवस्थामा राजश्व संकलन गर्ने कर्मचारीले नै राजश्व दाखिला गर्ने व्यवस्था मिलाउन राजश्व प्रशासन महाशाखा प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं १६**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११३ र नियमावली, २०८० को नियम ११२ बमोजिम पोखरा महानगरपालिकामा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुबाट माग भएका निम्न बमोजिम असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियोः

| क्र.स | नामथर | पद/तह | विदाको किसिम | विदाको अवधि |
|---|---|---|---|---|
| १ | श्री नरेन्द्र बस्याल | इन्जिनियर | असाधारण विदा | मिति २०८२/१०/०१ देखि लागू हुने गरी १ बर्ष |
| २ | श्री शोभा रानाभाट | सि.अ.न.मी | असाधारण विदा | मिति २०८०/११/१६ देखि २०८२/६/०९ गतेसम्म जम्मा १ बर्ष ६ महिना २४ दिन |

**निर्णय नं १७**

पोखरा महानगरपालिका र M/S Pokhara Shivam Construction and Suppliers, पोखरा बीच ठेक्का नं. 111/PMC/NCB/W/080-081 (Upgrading of RTO Road pmc 7 & 17) पोखरा महानगरपालिका वडा नं ७ र १७ मा कार्य गर्ने गरी मिति २०८१/०३/२५ मा भएको ठेक्का सम्झौता कार्यान्वयनको सन्दर्भमा Earthsworks in foundation excavation, dismantaling works RCC(M20), Stone Soiling, Subbase/Base Works, Prime Coat, Tack Coat, Ashpalt, PS item, one building demolishing is increases than estimate मात्रामा लागत अनुमानमा भए बमोजिम हालको site condition मा केही भेरियसन भएको र निर्माण गर्ने क्रममा Right of Way मा परेको एउटा ३ तलाको भवन पुर्ण रुपमा हटाउनुपर्ने भएको साथै अन्य पेश भएको निर्माणका Item हरुको परिमाण परिवर्तन हुने भएको हुँदा सो योजनाको स्वीकृत ल.ई भन्दा फरक अवस्था देखिन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ दफा ५४ बमोजिम योजनाको तपशिल बमोजिम भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिलः**

अ. योजनाको नामः Upgrading of RTO Road pmc 7 & 17

आ. ठेक्का नः 111/PMC/NCB/W/080-081

इ. सम्झौता मितिः २०८१/०३/२५

ई. सुरु ल.ईः रु १,०९,०६,१६९।१० (with VAT &PS)

उ. संशोधित ल.ईः रु. ७८,११,८०७।१३ (with VAT &PS)

ऊ. भेरियसन अनुसार कम हुने अंकः रु २७,६१,३८२।२७ (with VAT &PS)

ऋ. ल.ई. भन्दा बढी/घटीः २८.४१ प्रतिशत घटी